# ८
# किन येशू पृथ्वीमा आउनुभयो ?

तपाई आफ्नो शहरको सडकमा हिँडिरहेका बेला एउटा पत्रकारले आएर तपाईलाई, “यस संसारको उत्पत्ति भएको समयबाट हुन आएको कुनै एउटा महान घटना कुन हो भनी तपाई विश्वास गर्नुहुन्छ ?” भनी सोध्यो भने, तपाईले त्यसको उत्तर कसरी दिनुहुनेछ ? मानव इतिहासमा अरु सबैभन्दा ठूलो घटना कुनचाहिँ हो ? मेरो यस सम्बन्धको उत्तर येशू हाम्रो मुक्तिदाता हुन यस पृथ्वीमा आउनुभएको बारेमा हुनेछ ।

संसारको इतिहासमा अति नै महान घटना भनेको परमेश्वरका पुत्र, येशूले जीवन - त्यो अवतार, त्यो शरीर धारण गर्नुभएको घटना नै हो । पावलले यसो लेखेका छन्, यद्यपि येशू परमेश्वरको स्वरुपमा अस्तित्वमा हुनुहुन्थ्यो, तर उहाँले त्यो परमेश्वरको बराबरी हुने कुरालाई जसरी पनि पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन । तर उहाँले “आफूलाई रित्याईकन कमाराको रुप धारण गर्नुभयो” र “स्वरुपमा मानिसजस्तै बन्नुभयो” (फिलिप्पी २:७) । यूहन्नाले भने अनुसार, “अनि वचन देहधारी हुनुभयो र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा बास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो” (यूहन्ना १:१४) ।

हामीहरुले ख्रीष्ट पूर्णरुपले मानव हुनुहुन्थ्यो, उहाँ ईश्वरीय जन हुँदै हुन्थेन, अथवा उहाँमा पूर्णरुपमा ईश्वरत्व थियो, उहाँ मानव हुँदै हुन्थेन भन्न पनि सक्दछौं । उहाँ मानिस हुनको निम्ति मानव जातिसँग पूर्ण रुपमा बराबरी हुनुभयो त्यसैले उहाँ सबै मानिसहरु जन्मे जस्तै जन्मनुभयो (लूका २:६), सबै मानिस हुर्के जस्तै हुर्कनुभयो (लूका २:४०), सबै मानिसले भोगेजस्तै सबै दु:खकष्टहरु भोग्नुभयो ( हिब्रू ५:८, ९) र एउटा शरीरमा बास गर्नुभयो जुन रोग, गलाई र मृत्युद्वारा प्रभावित हुन सक्दथ्यो, एउटा शरीर जसलाई मानिसहरुले क्रूसमा मार्न पनि सक्दथे (फिलिप्पी २:८, ९) । उहाँ पूर्ण रुपले एउटा मानिस हुनुहुन्थ्यो, त्यसैले, मानिसको पुत्र हुनुहुन्थ्यो, तापनि पूर्णरुपले ईश्वरीय हुनुहुन्थ्यो र त्यसकारण, परमेश्वरका पुत्र हुनुहुन्थ्यो (हिब्रू २:१४, १७, १८) । उहाँ मानवता र ईश्वरत्वको एउटा व्यक्तित्वमा भएको सिध्द मिलाप हुनुहुन्थ्यो । उहाँको ईश्वरत्वलाई नत्यागी उहाँ मानिस बन्नुभयो, उहाँ हामी जस्तै बनेता पनि उहाँमा ईश्वरत्व रहिरह्यो ।

येशू पृथ्वीमा आउनुभएको प्रकृतिले गम्भीर प्रश्नहरु खडा गर्दछ । येशू त्यस तरिकाले किन पृथ्वीमा आउनुभयो ? उहाँ मानिस जातिकोमा आउनु, हाम्रो माझमा बास गर्नु, र क्रूसमा मर्नुको उद्देश्य के थियो ?

परमेश्वरका ईश्वरीय पुत्रले आफूलाई होच्याएर पूर्णरुपमा मानिससम्म किन बन्नुभयो ? यी प्रश्नहरुको उत्तरहरुलाई एउटै वाक्यमा संक्षेपमा यसरी प्रस्तुत गर्न सकिन्छ : “उहाँको सेवाकाई, मृत्यु, र पुनरुत्थानद्वारा - उहाँको नाम धारण गरेका मानिसहरु जसलाई उहाँले उहाँको मण्डली भन्न लाग्नुभएको थियो - उहाँ बोलाउन आउनुभएको थियो” (मर्कूस १०:४५, लूका १९:१०) ।

अर्को शब्दमा भन्ने हो भने, उहाँको पृथ्वीमा भएको आगमनको परिणाम मण्डली हो । येशूले कुनै पुस्तक लेख्नुभएन, कुनै कलेज स्थापना गर्नुभएन, अथवा कुनै भौतिक परिवार स्थापना गर्नु भएन । उहाँके पृथ्वीको सेवाकाईले उत्पन्न गरेको एउटै मात्र वास्तविकता मण्डली थियो । येशूले स्थापना गर्नेछु भनी भन्नुभएको एउटै मात्र शरीर एउटा आत्मिक शरीर थियो जसलाई उहाँले “मेरो मण्डली” भन्नुभएको थियो (मत्ती १६:१८) । आफ्नो सेवाकाईको समयमा येशूले बसाल्नुभएको एउटै मात्र जग त्यो मण्डलीको जग थियो । त्यसैले, मण्डलीलाई ख्रीष्टको पृथ्वीको अवतारको एक्लो सृष्टि पनि भन्न सक्दछौं ।

## सुसमाचारबाट प्रमाणित

यो सत्यलाई सुसमाचारका लेखहरुले बलियो रुपमा प्रमाणित गरेका छन् । प्रत्येक सुसमाचारले स्वर्गको राज्यतर्फ देखाउँदछ र अगुवाई गर्दछ, जसलाई येशूले उहाँको मृत्यु र पुनरुत्थान भएपछिको पहिलो पेन्तिकोसको दिनमा स्थापना गर्न लाग्नुभएको थियो ।

जब कसैले सुसमाचारहरुमा खीष्टको जीवन अध्ययन गर्दछन्, उनलाई उहाँका सेवाकाई बारेमा प्रकट भएका तीनवटा विषयले प्रभाव पार्दछ : (१) त्यो लक्ष्य जुन उहाँले पूरा गर्न चाहनुभयो, (२) त्यो उपाय जसले उहाँको कामलाई केही बढिको निम्ति तयार गर्‍यो र (३) त्यो उपाय जसद्वारा उहाँको कामले निरन्तरता पाउनु पर्थ्यो ।

पहिलो सुसमाचारले येशूले उहाँको व्यक्तिगत सेवाकाईको समयमा संसारभरी वचन प्रचार गर्ने निर्णय गर्नुभएको थिएन भन्ने संकेत गर्दछ । उहाँका प्रेरितहरु छानीसकेपछि, उहाँले उनीहरुको प्रचारको निम्ति उनीहरुलाई विशेष विश्वव्यापी आज्ञा दिनुभएको थिएन, त्यसको साटो, यसो भनेर उनीहरुको उत्साहलाई शान्त पार्नुभएको थियो, "अन्यजातिहरुका माझमा । सामरीहरुका शहरमा नपस, तर इस्राएल जातिका हराएका भेडाहरुकहाँ जाओ" (मत्ती १०:५ ख, ६) । हाम्रो निम्ति आश्चर्यको कुरा हो, उहाँको सेवाकाईको समयमा येशूले आफूलाई प्यालेस्टाइनमा सीमित गर्नुभएको थियो । उहाँ रोमी संसारभन्दा बाहिरका देशहरुमा कहिल्यै जानुभएन । उहाँको अभियान संसारको धेरै सानो क्षेत्रमा प्रचार गरेर र शिक्षा दिएर पूरा भएको थियो । यदि येशूले उहाँको व्यक्तिगत सेवाकाईको समयमा संसारभरि प्रचार गर्न जानुभएको भए, उहाँ आफ्नो काममा पूर्ण रुपमा फरक तरिकाले विभिन्न प्रकारका रणनीतिहरु र विधिहरु अपनाउँदै लाग्नु हुन्थ्यो होला ।

दोश्रो, सुसमाचारले के संकेत गर्छ भने कि येशूको जीवन, कामहरु, र मृत्युले आउन लागेको कुनै कुराको निम्ति तयारी गरेको थियो । येशूले प्रचार गर्नुभएको थियो, "पश्चाताप गर, किनभने स्वर्गको राज्य नजिक आइपुगेको छ" (मत्ती ४:१७ ख) । उहाँले आफ्ना चेलाहरुलाई "तपाईको राज्य आओस्" भनी प्रार्थना गर्न सिकाउनु भएको थियो (मत्ती ६:१० क) । येशू उहाँको आश्चर्यकर्मले भिड व्याकुलताले भरिएर, त्यसको प्रतिकृया स्वरुप, उहाँलाई तिनीहरुको पृथ्वीको राजा बनाउने विचारको पछि लाग्ने कुरालाई रोक्न होशियार हुनुहुन्थ्यो । उहाँले मानिसहरुको भिडलाई उहाँको समयतालिका निर्धारण गर्ने अनुमती दिनुभएन । जब उहाँले कुनै एउटा आश्चर्यकर्म गर्नुहुन्थ्यो, येशूले कहिलेकाँही त्यो आश्चर्यकर्म पाउनेलाई "कसैलाई नभन्नु" भन्नुहुन्थ्यो (मत्ती ८:४) ।[८] उहाँले बाह्र प्रेरितहरु चुन्नुभयो र व्यक्तिगत रुपमा तिनीहरुलाई सिकाउनु भयो, तर यो कुरा प्रस्ट थियो कि उहाँले तिनीहरुलाई त्यो कामको निम्ति तालिम दिइराख्नुभएको थियो जुन उहाँ गएपछि तिनीहरुले गर्नुपर्ने थियो (यूहन्ना १४:१९) ।

तेश्रो, सुसमाचारले येशूको सेवाकाईलाई पूरा नभइसकेको जस्तो रुपमा चित्रण गरेको छ । येशूले त्यही गर्नुभयो जे गर्न पिताले उहाँलाई पठाउनुभएको थियो, तर यस पृथ्वीमा उहाँको जीवनको अन्तमा उहाँले उहाँका प्रेरितहरुलाई उहाँको स्वर्गारोहण पछि हुने अरु घटनाहरु र रहस्योद्‌घाटनहरुको अपेक्षा गर्न तयार पार्नुभएको थियो । येशूले प्रेरितहरुलाई भन्नुभएको थियो, "तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनु हुनेछ, उहाँले तिमीहरुलाई सबै कुरा सिकाउनुहुनेछ र मैले तिमीहरुलाई भनेका सबै कुरा तिमीहरुलाई याद दिलाउनु हुनेछ" (यूहन्ना १४:२६) । उहाँले तिनीहरुलाई यो पनि भन्नुभएको थियो, "जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले

[८] मत्ती ९:३०, १२:१६, १७:९, मर्कूस १:४४, ३:१२, ५:४३, ७:३६, ८:३०, ९:९, लूका ४:४१, ८:५६, ९:२१ पनि हेर्नुहोस् । "कसैलाई नभन्नु" भन्ने अनौठो आज्ञाको बारेमा डब्लु, मेगार्मीले यस्तो लेखेका छन् : "मानिसहरु माझमा फैलने अनुचित उत्तेजना जसले गर्दा सैनिक अधिकारीहरुलाई हस्तक्षेप गर्न उक्साउन सक्दछ, त्यसलाई नियन्त्रण गर्न आवश्यक छ र यदि त्यसो गरियो भने मानिसहरुले येशूको शिक्षालाई शान्त विचारकासाथ सोच्ने छन् भनी अभिलेख गरिएको थियो (मर्कूस १:४५ पनि हेर्नुहोस्) । कहिलेकाहीँ समयको माग अनुसार उहाँले आफ्नो मार्ग बदल्नुभएको थियो र मानिसहरुलाई उहाँले तिनीहरुको निम्ति के गर्नुभएको छ भनी बताउन भन्नुभएको थियो ।" (जे. डब्लु मेगार्मी, दी न्यू टेष्टामेन्छ कमेन्ट्री, मार्क एण्ड म्याथू (एन.पी. १८७५, पुन मुद्राण, डिलाइट, गस्पेल लाइट पब्लिकेसन कं., एन.डी.) ७५)

तिमीहरुलाई सबै सत्यतामा डोऱ्याउनु हुनेछ, उहाँ आफ्नो तर्फबाट बोल्नुहुने छैन । उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ र हुन आउने कुराहरु तिमीहरुलाई घोषणा गरिदिनुहुनेछ" (यूहन्ना १६:१३) । पुनरुत्थान भएपछि र स्वर्गतर्फ उचालित भन्दा केही अघि येशूले आफ्ना प्रेरितहरुलाई उनीहरुले माथिबाट शक्ति प्राप्त नगरेसम्म येरुशलेममा पर्खिरहनु भनी आज्ञा गर्नुभएको थियो । यो शक्ति पाएपछि, उनीहरुले यरुशलेमबाट सुरु गरेर पश्चाताप र पापक्षमा सारा जातिहरुलाई प्रचार गर्नुपर्ने थियो (लूका २४:४६-४९) ।

उहाँको मृत्यु अघि र पछिका हाम्रा प्रभुको सेवाकाईका यी गुणहरुले उहाँको यस पृथ्वीको सेवाकाई उहाँको राज्य, मण्डली निर्माण गर्ने आवश्यक तत्वहरुलाई एक ठाउँ ल्याउनलाई थियो भन्ने स्पष्टरुपमा देखाएको छ । मत्ती १६:१८ मा येशूले आफ्ना चेलाहरुलाई उहाँको पृथ्वीको कामको बोझको घोषणा गर्दै भन्नुभएको थियो, "म तिमीलाई भन्दछु तिमी पत्रुस हौ । म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु र नरकका ढोकाहरु त्यसमाथि विजयी हुने छैनन् ।" यसरी येशू सुसमाचार प्रचार गर्न आउनुभएको थिएन, उहाँ प्रचार गरिने एक सुसमाचार दिन आउनुभएको थियो ।

प्रख्या मूर्तिकार गुट्जोन वोर्गलम्, जसले दक्षिणी डकोटाको रसमोर पहाडमा विलक्षण मूर्ति खोपेका थिए, उनले वासिङटन डि.सी. को क्यापिटोलको निम्ति अब्राहम लिंकनको शिरको मूर्ति पनि बनाएका थिए । उनले त्यो आफ्नो कार्यकक्षमा भएको सिङ्गमर्मरबाट बनाएका थिए । यसो भनिएको छ कि एउटा स्त्री जो हरेक बिहान उनको कार्यकक्ष सफा गर्न आईथिन्, जब उनले त्यो जीवितै जस्तो मूर्ति पहिलो पल्ट देखिन्, उनी आश्चर्यचकित भएर केही समयसम्म उभिइराखिन् र त्यसपछि सोधिन्, "लिंकन त्यो कालो ढुंगाभित्र छन् भन्ने कुरा उनलाई कसरी थाहा भयो हँ ?" उनको प्रश्नको उत्तर यस्तो हुन्छ, वोर्गलम्ले अरुले देख्न नसक्ने कुरा देखेका थिए । उनीसँग एक कलाकारको आँखा, एक मूर्तिकारको ज्ञान थियो । उनका हातहरुले कुद्न अघि र कल्पनाशील मनले त्यसलाई रुप दिन अघि उनले त्यो ढुंगामा अनुहार देख्न सकेका थिए ।

सुसमाचारहरुको सहायताले हामीले येशूले आफ्नो पृथ्वीको सेवाकाईमा जे देख्नुभएको थियो त्यो देख्न सक्दछौं । उहाँको सेवाकाईमा आउन लागेको राज्य बारेको दर्शन र तयारी लुकेको थियो । उहाँले त्यस बारेमा प्रचार गर्नुभयो, त्यसको निम्ति तयारी गर्नुभयो र उहाँको रगतद्वारा त्यसलाई किन्नुभयो ।

## कामहरुद्वारा प्रमाणित

नयाँ करारको प्रेरितहरुको कामको पुस्तकले येशूको सेवाकाई, मृत्यु र पुनरुत्थानको पछाडी मण्डलीको सृष्टि गर्ने, राज्यलाई अस्तित्वमा ल्याउने नियन्त्रित उद्देश्य थियो भन्ने प्रमाणित गरेको छ । सुसमाचारहरुले यो सत्यताको खरो रुपमा घोषणा गर्दछन् र प्रेरितले त्यस घोषणालाई जीवित रंगहरुद्वारा प्रकाशित गर्दछ ।

हाम्रा प्रभुको पुनरुत्थान भएको दश दिन पछि, प्रेरितहरुलाई पेन्तिकोसमा आश्चर्यपूर्ण रुपमा पवित्र आत्मा दिइयो (प्रेरित २:१४), येशूको मृत्यु, गडाई, र पुनरुत्थानको सुसमाचार पहिलो चोटि प्रचार गरियो, मानिसहरुलाई सुसमाचार प्रति विश्वास, पश्चाताप र तिनीहरुको पापक्षमाको निम्ति वप्तिष्माद्वारा प्रतिकृया जनाउन आव्हान गरियो (प्रेरित २:३८, लूका २४: ४६, ४७) र तिन हजार मानिसहरुले प्रचार गरिएको वचनलाई ग्रहण गरे र वप्तिष्मा लिएर त्यो निमन्त्राणालाई स्वीकार गर्दछन् (प्रेरित २:४१) । त्यसकारण, येशूको सेवाकाईलाई पछ्याउँदै, जसरी दिनले रातलाई पछ्याउँदछ, हाम्रा प्रभुको मण्डलीको जन्म हुन्छ ।

बाँकी रहेको प्रेरितको वृत्तान्त भनेको एक पवित्र प्रेमको ज्योतिको रुपमा यरुशलेमबाट यहूदिया र सामरिया र रोमी साम्राज्यको अरु भागहरुमा मण्डली कृयाशील भएको वृतान्त हो । प्रेरितमा

जहिले पनि प्रेरणाप्राप्त प्रचार गरिएको छ, प्रचार गरिएको वचनको आज्ञापालन गरी मण्डलीमा आएर, श्रोताहरुले प्रतिक्रिया जनाएका छन् । जहिले जहिले प्रेरितमा प्रचार यात्रा गरिएको छ, संसारका नयाँ क्षेत्रहरु मण्डलीहरु स्थापना भएको अवस्थामा छोडिएका थिए । प्रेरितमा पावलको तिन प्रचार यात्राहरुमा संसारभरि यरुशलेमबाट इल्लुरिकनसम्म मण्डलीहरु स्थापना भएका थिए (रोमी १५:१९) । मण्डली खीष्टको पृथ्वीमा भएको आगमनको परिणाम थियो भन्ने कुराबाट ओतप्रोत भएको बृहद निश्कर्षमा नपुगी कसैले प्रेरित पढ्नै सक्दैन ।

एकजना प्रचारकले एकपल्ट भनेका थिए, “संसारमा सुसमाचार प्रचार गर्ने हाम्रो काममा हामीले येशूले अपनाउनुभएको जस्तै तरिकाहरु अपनाउनै पर्दछ । आउनुहोस् हाम्रो वरिपरी बाह्र मानिसहरु भेला गरौं र तिनीहरुलाई भविष्यको कामको निम्ति तालिम दिऔं । उहाँले अपनाएको विधिमा येशूले हामीलाई संसारमा कसरी वचन प्रचार गर्नुपर्छ भन्ने देखाउनुभएको छ ।” निश्चय नै येशू उहाँले गर्नुभएको हरेक काममा निपुण हुनुहुन्थ्यो । त्यसो भएता पनि, उहाँ सेवाकाईको पूर्ण अध्ययनले उहाँको सेवाकाईको समयको लक्ष्य संसारमा सुसमाचार प्रचार गर्नु थिएन भन्ने कुरा प्रकट गर्दछ । त्यो त मण्डलीको निम्ति जग बसाल्नु थियो, त्यो त संसारलाई सुसमाचार प्रचार गर्ने योजनालाई पूर्णता प्रदान गर्नु थियो । उहाँको काम पूरा गर्नको निम्ति, उहाँले उहाँको अद्‌भुत अभियान पूरा गर्ने उपयुक्त तरिकाहरु र उपायहरु प्रयोग गर्नुभयो, एउटा यस्तो अभियान जुन उहाँले आफ्ना चेलाहरुलाई दिनुभएको सारा संसारभरि सुसमाचार प्रचार गर्ने अभियान भन्दा फरक थियो ।

प्रेरितहरुको काममा हामीले प्रेरितहरु र अरु प्रेरणाप्राप्त मानिसहरुले हाम्रा प्रभुले प्रयोग गर्नुभएको जस्तै उपायहरु अपनाउनुभएको देख्दैनौं । उनीहरुले उहाँको शिक्षा दिने, अरु बाह्र जना मानिसहरुलाई तालिम दिन भेला गर्ने उपायको नक्कल गर्ने कोशिस गरेनन् । त्यसको साटो उनीहरुको प्रचार र शिक्षाद्वारा प्रेरितहरु र अरु प्रेरणा प्राप्त जनहरुले मानिसहरुलाई मण्डली भित्र ल्याएका थिए । त्यसपछि यी नयाँ खीष्टियनहरुलाई मण्डलीद्वारा मण्डलीको एक मागको रुपमा हुर्काइएको थियो, तालिम दिइएको, उत्साहित गरिएको र सेवा र सुसमाचार प्रचारको निम्ति शिक्षा दिइएको थियो । प्रेरितले हामीलाई येशूको पृथ्वीको सेवाकाईको परिणाम स्वरुप मण्डली अस्तित्वमा आएको हो भन्ने देखाएको छ । खीष्टको जीवन नयाँ करारमा ४८ प्रतिशत समेटिएको छ भने, अरु ५२ प्रतिशतमा जे खीष्टको जीवन, मृत्यु, र पुनरुत्थानले बनेको थियो त्यो मण्डली समेटिएको छ ।

## पत्रहरुद्वारा पुनः पुष्टि गरिएको

नयाँ करारका पत्रहरुले मण्डली खीष्टको पृथ्वीको जीवन र मृत्युको स्वाभाविक फल थियो भन्ने सत्यको प्रयोगमाथि जोड दिएका छन् । सुसमाचारले त्यो सत्यलाई स्थापित गरेको छ, प्रेरितले त्यसलाई फैलाएको छ र पत्रहरुले त्यसलाई प्रयोग गरेको छन् । पत्रहरुले हामीलाई उहाँको आत्मिक शरीर बनेर खीष्टको जीवनप्रति कसरी प्रतिकृया जनाउनु पर्दछ भन्ने देखाएको छ ।

पत्रहरु जसले विश्वास र आज्ञापालनाद्वारा खीष्टमा आउन रोजेका थिए ती मानिसहरुलाई लेखिएको थियो । उनीहरुले त्यस समय जीवन बिताएका थिए जब खीष्टको जीवन, मृत्यु र पुनरुत्थानको प्रभाव ताजै अवस्थामा थियो । प्रेरणा प्राप्त मानिसहरुको सन्देशको महत्व त्यसबेला हुन्छ जब प्रभुको रुपमा खीष्टको सम्मान हुन्छ र उहाँको मानवीय जीवन हामीहरु माझमा उहाँको मण्डली बन्ने र हुने कामद्वारा सही तरिकाले ग्रहण गरिन्छ ।

प्रत्येक पत्रमा खीष्टका चेलाहरुलाई खीष्टको आत्मिक शरीरको रुपमा जीवन बिताउन र सेवा गर्न अनुरोध गरिएको छ । यी पत्रहरु, जब एक ठाउँ ल्याइन्छ, वास्तवमा सबै किसिमका परिस्थितिहरुमा र विभिन्न ठाउँहरुमा खीष्टको मण्डली कसरी हुने र जीवन बिताउने भन्ने बारेको “निर्देशक पुस्तिका” प्राप्त हुँदछ । तिनीहरुले हामीलाई खीष्टको पृथ्वीको सेवाकाई हाम्रो जीवनमा कसरी लागू गर्ने भन्ने शिक्षा दिन्छन् ।

हामी आज्ञापालक विश्वासद्वारा उहाँको शरीरमा प्रवेश गरेर येशूलाई प्रभु मानी समर्पित हुँदछौं । पावलले विश्वासको यो अन्तिम कृयालाई ख्रीष्टलाई धारण गर्ने प्रतिकृयासँग जोडेका छन् (गलाती ३:२७) । पत्रहरु अनुसार, कुनै पनि व्यक्ति तबसम्म ख्रीष्टमा समर्पित हुँदैन जबसम्म उ विश्वास, पश्चाताप, र परमेश्वरका पुत्रकोरुपमा स्वीकार गरी मुक्तिको निम्ति लिइने बप्तिष्माद्वारा उहाँको शरीरमा प्रवेश गरेको हुँदैन ।

उहाँको शरीर, मण्डलीमा परमेश्वरका परिवारको रुपमा सँगै जीवन बिताएर र आराधना गरेर हामी येशूको जीवन, मृत्यु र पुनरुत्थानको सम्मान गर्दछौं । पावलले भनेका छन्,

> अब नता यहूदी छ, न ग्रीक, न कमारा छ न फुक्का नता पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरु सबै एउटै हौं (गलानी ३:२८) ।
>
> किनकी जसरी हाम्रो एउटै शरीरमा धेरै अंग हुन्छन्, तर सबै अंगहरुको एउटै काम हुँदैन, त्यसरी नै हामी जो धेरै छौं, हामी पनि ख्रीष्टमा एउटै शरीर हौं र एक-अर्काका अंग हौं (रोमी १२:४, ५) ... ताकि शरीरमा बेमेल नहोस्, तर अंगहरु एउटाले अर्काको निम्ति समान वास्ता राखुन् । यदि एउटा अंगलाई कष्ट भयो भने सबै अंगले सँगै कष्ट भोग्छन्, अथवा एउटा अंगको आदर भयो भने सबै अंगहरुले सँगै आनन्द मनाउँछन् । तिमीहरु ख्रीष्टका शरीर हौ, हरेक त्यसका अंगहरु हौ (१ कोरिन्थी १२:२५-२७) ।
>
> हप्ताको पहिलो दिनमा जब हामी रोटी भाँच्नलाई जम्मा भयौं, तब पावलले चाहिँ भोलीपल्ट जाने इच्छा गरेका हुनाले तिनीहरुसँग मध्यरातसम्म बातचीत गरिरहे (प्रेरित २०:७) ।

जब हामी परमेश्वरको परिवारको रुपमा ख्रीष्टिय मण्डलीको रुपमा जीउन र आराधना गर्न चुक्दछौं, ख्रीष्टले जे कुरा पूरा गर्न आउनुभएको थियो त्यसलाई हामीले टाढा बनाउँदछौं र उहाँले जे स्थापित गर्नको निम्ति मर्नुभएको थियो त्यसलाई हानी पुऱ्याउँदछौं ।

येशूले हामीलाई उहाँको शरीर, मण्डली हुनलाई बोलाउनु भएको हो । पत्रहरुले उहाँका जनहरुलाई ख्रीष्टको मण्डली भन्दा अरु कुनै मण्डली अथवा शरीरको रुपमा कहिल्यै उल्लेख गरेको छैन । पत्रहरुको अनुसार, येशूले हामीहरुले पछ्याउनको निम्ति एउटै मात्र बाटो, हामीले उहाँको सेवा गर्ने एउटै मात्र बाटो, उहाँको रगत र उहाँले उपलब्ध गराउनुभएको मुक्ति प्राप्त गर्ने एउटै मात्र बाटो बनाउनुभएको छ । त्यो बाटो भनेको यस संसारमा उहाँको आत्मिक शरीरको रुपमा विश्वासयोग्य भएर जीउनु हो ।

एउटी सानी केटीले घरको कुनामा एउटा बाइबल भेट्टाइन् । उनले त्यसलाई उठाएर आफ्नी आमालाई सोधिन्, "यो के किताब हो, आमा ?" उनकी आमाले भनिन्, "त्यो परमेश्वरको किताब, बाइबल हो ।" ती सानी केटीले घोच्ने किसिमले सल्लाह दिँदै भनिन्, "हामीले यो उहाँलाई किन फिर्ता नपठाउने, किनभने हामी यसलाई कहिले प्रयोग गर्दैनौं ?"

सत्य कुरा के हो भने हामीले यसलाई पढ्न त सक्दछौं, तापनि यसलाई प्रयोग गर्दैनौं । हामीले प्रत्येक कुराकानीमा बाइबललाई उल्लेख गर्न सक्दछौं, यसलाई हरेक दिन पढ्न सक्दछौं, तापनि यसलाई प्रयोग गर्न असफल हुन्छौं । बाइबलको वास्तविक प्रयोगको निम्ति व्यवहारिक रुपमा ख्रीष्टको मण्डली भएर हामीले यसलाई पछ्याउनु पर्ने कुरा आवश्यक पर्दछ । जब हामीलाई बाइबलमा जस्तो हुनुपर्दछ भनी शिक्षा दिएको छ हामी त्यस्तै हुन्छौ भने, तब मात्र हामीले यसलाई सही र उचित तरिकाले प्रयोग गरिरहेका हुँदछौं ।

## निष्कर्ष

सम्पूर्ण नयाँ करारले, त्यसैकारण, एकसाथ भएर मण्डली, खीष्टको आत्मिक शरीर, खीष्ट मानव भएर आउनुभएको अभियानको सृजना थियो भन्ने कुरा सिकाउँदछन् । सुसमाचारले यो पूरा हुनेछ भन्दै प्रतिज्ञा गर्दछ, प्रेरितले यसलाई चित्रण गर्दै निश्चितता प्रदान गर्दछ र पत्रहरुले व्यवहारिक रुपमा जीवनमा प्रयोग गरेर पुनर्पुष्टि गर्दछन् ।

जब नयाँ करारले उहाँ एक जना जसले हाम्रो मुक्तिको निम्ति जीउनुभएको, मर्नुभएको र मृतकबाट जीवित भै उठ्नुभएको थियो, उहाँलाई प्रतिकृया जनाउने एउटै मात्र बाटो भनेको उहाँको मण्डलीमा प्रवेश गर्नु र त्यसको विश्वासयोग्य सदस्य भएर जीवन बिताउनु हो भनेको छ भने, त्यसको साथै यो प्रश्न आउँदछ, “के तपाई उहाँको शरीर भित्र हुनुहुन्छ ?” जीवनको अन्त्यमा आएर जीवनको साँचो उद्देश्यलाई पूर्णरुपमा गुमाएको थाहा पाउनु कति ठूलो गल्ती हुनेछ । सम्भवत त्यहाँ अझ दु:खदायी केही कुरा हुन्छ - परमेश्वरका पुत्र यस पृथ्वीमा आउनुभएको उद्देश्यलाई नै गुमाउनु । जति निश्चयताका साथ नयाँ करारले हामीलाई मुक्तिको ईश्वरीय सन्देश दिन्छ, खीष्ट मानिसको रुप लिएर आउनुभएको थियो भन्ने कुरा जति निश्चित छ, कुनै व्यक्ति जसले उहाँको शरीरमा प्रवेश गरेको हुँदैन जीवन यात्राको अन्त्यमा उनले खीष्ट यस पृथ्वीमा आउनको कारणलाई नै गुमाएछन् भन्ने थाहा पाउँदछन् । यो निष्कर्ष सम्पूर्ण नयाँ करारको आधारभूत शिक्षा हो ।

जब खीष्ट यहाँको छोटो जीवनको अन्त्यमा आईपुग्नु भएको थियो, उहाँले भन्नसक्नुभयो, “पिता, तपाईले मलाई जे गर भनी भन्नुभएको थियो मैले त्यो गरेको छु । मैले मेरो निम्ति तपाईको लक्ष्य पूरा गरेको छु ।” यस पृथ्वीमा जीवनको स्वार्थी अभिलाषाहरुमाथि राज्य गर्दै लामो जीवन दरबारमा बिताउनु भन्दा परमेश्वरको इच्छाको घेराभित्र, उहाँको उद्देश्यहरु पूरा गर्दै थोरै वर्षहरु जीउन उत्तम हुन्छ । जीवनको अन्त्यमा असंख्य मानिसहरु यति मात्र भन्न सक्षम हुन्छन्, “परमेश्वर, तपाईले यस पृथ्वीमा दिनुएको वर्षहरु मैले बिताएँ र मैले जे इच्छा गरेको थिएँ ती कामहरु पूरा गरेको छु । मैले आफ्नै निम्ति चुनेका ती लक्ष्यहरु मैले पछ्याएको छु ।”

जब हामी जीवनको अन्त्यमा आइपुग्छौं यस्तो पो हुनु पर्ने हो, जसमा हामी भन्न सकौं, ‘प्रभु, तपाईले मैले जे गरेको चाहनुहुन्छ धर्मशास्त्रहरुमा भेट्टाएको छु, र मैले त्यस काममा आफूलाई समर्पित गरेको छु । मैले इमानदारीका साथ यस पृथ्वीमा आफूलाई समर्पित गरेको छु । मैले इमानदारीका साथ यस पृथ्वीमा महिमा दिने प्रयास गरेको छु र मैले तपाईले मलाई दिनुभएको त्यो योजना अनुसार जीउने प्रयास गरेको छु । मैले खीष्टको मण्डलीको रुपमा जीवन बिताएको छु ।”

### अभ्यास प्रश्नहरु

१. संसारको इतिहासमा अहिलेसम्म भएको महान घटना के हो ? तपाईका उत्तरको कारणहरु पनि प्रस्तुत गर्नु होला ।
२. के येशू पूर्ण रुपमा मानिस हुनुहुन्थ्यो अथवा आंशिक रुपमा मात्र मानिस हुनुहुन्थ्यो ?
३. के येशूमा पूर्ण रुपमा ईश्वरत्व थियो अथवा आंशिक रुपमा मात्र थियो ?
४. येशू किन यस पृथ्वीमा आउनुभएको थियो ? कुन एउटा उद्देश्य पूरा गर्न उहाँ आउनुभएको थियो ?
५. येशूको सेवाकाई कसरी आउन लागेको केही कुराको निम्ति तयारी थियो देखाउनुहोस् ।
६. नयाँ करारमा पत्रहरुको के काम छ ?
७. के उहाँको मण्डली नभैकन हामीले येशूको जीवन प्रति ठीक रुपमा प्रतिक्रिया जनाउन सक्दछौ ?
८. के हामीले येशूले हाम्रो निम्ति यस संसारमा दिनुभएको लक्ष्य उहाँको मण्डलीको रुपमा जीवन नबिताएर पनि पूरा गर्न सक्दछौं ?

## शब्द सहायताहरु

**मण्डलीमा थपिएका** - परमेश्वरका आज्ञाकारी जनहरुको अंग बनाइएको । उनीहरु सबैजना जसले येशूले महान आज्ञामा स्थापित गर्नुभएको आज्ञापालन गर्दछन् परमेश्वरबाट उध्दार पाएको शरीरमा थपिएका हुन्छन् ।

**खीष्टको मण्डली** - कुनै भवन होइन, तर सुसमाचारको आज्ञापालन गरेका र मण्डलीमा थपिएका मानिसहरुको समूह हो (प्रेरित २:३६-४७ मा भए अनुसार) ।

**पत्र** - एउटा चिठी । नयाँ करारका धेरै पुस्तकहरु खीष्टियानहरुको निम्ति पत्रको रुपमा लेखिएका थिए (रोमी देखि प्रकाशसम्म) ।

**सुसमाचार प्रचार** - सुसमाचार बाँड्ने अभ्यास । उदाहरणको निम्ति, तिमोथीलाई, २ तिमोथी ४:५ मा प्रचारकको रुपमा काम गर्न भनिएको थियो ।

**अन्य जाति** - एउटा यहूदी बाहेकको व्यक्ति ।

**यहूदी** - यहूदी जाति, अथवा इस्राएली, याकूबबाट आएको अब्राहमको वंश ।

**परमेश्वरको राज्य** - मानिसहरुको हृदय र जीवनमा भएको येशूको शासनाधिकार ।

**धार्मिकता** - दोष र पाप नभएको स्वभावको बनाइनु । यो मानिस स्वयम्ले गर्न असम्भव भएकोले, “धार्मिक” हुनको अर्थ परमेश्वरबाट क्षमा पाएर र परमेश्वरको अघि धर्मी, पापहरु धोइएको बनाइनु हो । खीष्टियानहरुले उहाँको वचन अनुसार दिनहुँ जीवन बिताएर परमेश्वरसँगको यो सही सम्बन्ध देखाउने गर्दछन् ।